नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
# रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं

फोन नं. : ०१-४२४९३६१

प.सं. :०८२।८३
च.नं. : ५४

मिति बि.स. २०८३/०५/१७
ने.स. ११४६ गुलागा पञ्चमी-२०, बुधवार

**कार्बन लाभ प्राप्तिका लागि सामुदायिक/साझेदारी/कबुलियती वन समूहले लगानी योजना/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

नेपाल सरकारले विश्व बैंक/वन कार्बन साझेदारी सहयोग (Forest Carbon Partnership Facility-FCPF) सँग सन् २०२१ मा तराई भू-परिधिका १३ जिल्ला (रौतहटदेखि कन्चनपुरसम्म) बाट नतिजामा आधारित रेड प्लस कार्यक्रम कार्यान्वयन गरी प्रथम चरण (सन् २०१८-२०२१ डिसेम्बर सम्म)मा १८ लाख ८८ हजार टन कार्बन उत्सर्जन कटौती गरी नेपाल सरकारले रु. १ अर्ब ३४ करोडको कार्बन लाभ प्राप्त गरेको छ । नेपाल सरकारले उक्त कार्यक्रम कार्यान्वयनका लागि विश्व बैंकसँग भएको कार्बन उत्सर्जन भुक्तानी सम्झौता (Emission Reduction Payment Agreement-ERPA) अनुसार लाभ वितरण योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । स्वीकृत लाभ वितरण योजना अनुसार चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रममा उल्लिखित समुदायद्वारा व्यवस्थित वन समूहलाई दिगो वन व्यवस्थापन, जीविकोपार्जन तथा क्षमता अभिवृद्धि कार्यक्रम कार्यान्वयनका लागि माथि उल्लिखित तराई भू-परिधिका FCPF ER कार्यक्रम लागु भएका १३ जिल्लाका देहाय अनुसारको लक्षित समूहले लाभ वितरण योजनामा उल्लिखित लगानी योजना (Investment Plan)/प्रस्ताव सहित यो सूचना प्रकाशन भएको मितिले ९० दिनभित्र सम्बन्धित डिभिजन वन कार्यालय वा सोझै रेड कार्यान्वयन केन्द्र, बबरमहलमा पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

१. तराई भू-परिधिका FCPF ER कार्यक्रम लागु भएका १३ जिल्लाका सामुदायिक वन, कबुलियती वन, साझेदारी वन समूह सबै;
२. दिगो वन व्यवस्थापनका क्रियाकलाप, प्रकृतिमा आधारित रेशा तथा वनजन्य उद्यम विकास, कृषि वन तथा नगदे बाली विकास, परम्परागत शिप तथा आयमुलक तालिम, र लाभ वितरण योजना उल्लिखित नकारात्मक सूची बाहेकका क्रियाकलाप वन तथा वातावरण संरक्षणका क्रियाकलाप,;
३. लगानी योजना/प्रस्तावको अधिकतम बजेट सिमा प्रति हेक्टर रू. १,०००/- (एक हजार);
४. लगानी योजना तथा प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने विवरणः
   (क) समूहको कार्यकारिणी समिति वा साधारण सभाको निर्णयको प्रतिलिपि;
   (ख) अध्यक्ष, सचिव र कोषाध्यक्षले संयुक्त हस्ताक्षर गरेको अनुमानित लागत सहितको लगानी योजना;
   (ग) खाता सञ्चालन रहेको बैंकको चेकको छायाँप्रति;
   (घ) सम्बन्धित वडा कार्यालयको सिफारिस;
   (ङ) स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि;
   (च) स्थायी लेखा नम्बर नभएको हकमा नजिकैको सामुदायिक वन समूह वा साझेदारी वन समूहको सिफारिस;
   (छ) डिभिजन वन कार्यालयस्थित रेड सेल/फोकल पर्सनको सिफारिस पत्र ।
५. प्रस्ताव पेश गर्ने ठेगानाः

   सम्बन्धित डिभिजन वन कार्यालय वा सोझै रेड कार्यान्वयन केन्द्रको इमेल reddicnp@gmail.com मा वा सूचना अधिकारीको फोन/WhatsApp नम्बर ९८४९०१०३५८

नोटः लगानी योजनाको फारम रेड कार्यान्वयन केन्द्रको वेबसाइट (https://www.redd.gov.np) बाट डाउनलोड गर्न वा सम्बन्धित डिभिजन वन कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

माननीय मन्त्रीस्तरको मिति २०८१/०५/०८ स्वीकृत BSP OP को अनुसूची-१ सँग सम्बन्धित)

## तराई भू-परिधिका १३ जिल्लामा कार्बन लाभ बितरणका लागि तयार गरिने लगानी योजनाको ढाँचा

### (वन उपभोक्ता समूहका लागि लगानी योजना प्रस्ताव

*[वन उपभोक्ता समूहको लेटरप्याडमा वा समूहको छाप लगाईएको सादा कागजमा पेश गर्नुहुन ]*

श्री डिभिजन वन कार्यालय, ........... /राष्ट्रिय निकुन्ज कार्यालय, .......... /रेड कार्यान्वयन केन्द्र, काठमाण्डौ ।

प्रस्तुत विषयमा उत्सर्जन न्यूनीकरण लाभ वापतको भुक्तानी प्राप्त गर्न देहायको फाराममा उल्लेखित विवरण सहित लगानी योजनाका लागि प्रस्ताव पठाइएको व्यहोरा अनुरोध छ ।

१. वनको जम्मा क्षेत्रफल: .........हेक्टर,

२. उपभोक्ता घरधुरी संख्या .......... घरधुरी

| क.सं. | आदिवासी जनजाति | दलित | मधेशी | मुस्लिम | ...... | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

३. लगानी योजनाको नाम र कार्यस्थलको ठेगाना .........................................................................

४. प्रस्तावको विस्तृत विवरण (वन कार्ययोजनामा उक्त कृयाकलाप उल्लेख भएको पानाको फोटोकपि उपभोक्ता समितिबाट प्रमाणित गराई संलग्न गर्नुहोस)

| सिनं. | कृयाकलाप विवरण | लाभान्वित परिवार संख्या | अनुमानित लागत (रू) |
|---|---|---|---|
| (१) | | | |
| (२) | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | Where applicable include E&S risk mitigation line and show budget | | |

५. (नोटः राष्ट्रिय वन तर्फका समूहले दिगो वन व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्धित क्रियाकलापमा २५ प्रतिशत र क्षमता विकास, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा जीविकोपार्जन सम्बन्धी क्रियाकलापमा ७५ प्रतिशत र मध्यवर्ती क्षेत्रका समूहले वन व्यवस्थापनमा ३५ प्रतिशत, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा ३५ प्रतिशत र क्षमता विकास तथा जीविकोपार्जन सम्बन्धी कार्यमा ३० प्रतिशत हुने गरी प्रस्ताव पेस गर्नुपर्नेछ। साथै, क्षमता विकास तथा जीविकोपार्जनका लागि छुट्याइएको रकममध्ये सकेसम्म ४० प्रतिशत महिला लक्षित, २५ प्रतिशत आदिवासी जनजाति लक्षित, १० प्रतिशत दलित लक्षित र २५ प्रतिशत अन्य समूहका लागि हुने गरी प्रस्ताव गर्नुपर्नेछ। यदि समूहले प्राप्त गर्ने रकम रू २,००,०००/- भन्दा कम भए समूहको निर्णय अनुसार समूहको सम्पन्नता स्तरीकरण प्रतिवेदनले पहिचान गरेका अति सिमान्तकृत घरधुरीहरूलाई लाभ हुने गरी लक्षित कार्यक्रम प्रस्ताव तथा कार्यान्वयन गर्नुपर्दछ ।लगानी योजनाबाट लाभान्वित हुने आदिवासी जनजाति, मधेशी, मुस्लिम र दलित घरधुरी संख्या उल्लेख गर्नुहोस।

६. अन्य निकाय (स्थानीय तह लगायत) को लागत सहभागिता हुने भएमा सोको विवरण उल्लेख गर्नुहोस।

७. प्रस्तावित कृयाकलाप कार्यान्वयन गर्दा स्थानीय वन, वातावरण तथा समाजमा प्रतिकूल प्रभाव पर्न सक्ने जोखिम छ वा छैन ? यदि छ भने, जोखिम न्यूनीकरणका उपाय उल्लेख गर्नुहोस ।

माथि उल्लेखित कार्यक्रमहरू स्वीकृत कार्ययोजना र नेपाल सरकारबाट स्वीकृत लाभ बाँडफाँट योजनाको वर्खिलाप नभएको व्यहोरा प्रमाणित गरिन्छ । समूह भित्रका सिमान्कृत घरधुरी, आदिवासी जनजाती, दलित तथा महिलाहरूसँग तथा वाहिरका सम्बन्धित निकायहरू (प्रथाजनित अभ्यास भएका संस्था तथा समुदायमा आधारित समूह जस्तै आमा समूह, युवा क्लव) सँग छलफल गरी यो लगानी योजना तयार गरिएको छ ।हामी वन उपभोक्ता समूहहरूलाई उत्सर्जन न्यूनीकरण कार्यक्रम र प्राप्त गर्ने लाभ प्रतिशत वारे पूर्ण जानकारी छ, समूहले प्राप्त गरेको लाभ समूह भित्रका अति सिमान्तकृत घरधुरीहरूसँग समेत छलफल गरी लाभ बाँडफाँट योजनाको प्रावधान अनुसार सिमान्तकृत घरधुरीहरुलाई उपलब्ध हुने गरी जिम्मेवारीपूर्वक लाभांश वितरण गर्ने छौं भनी यो लिखित सहमती जनाएका छौं ।दुरुपयोग भएमा हामी जिम्मेवार भई भनी कानून बमोजिम सहुँला बुझाउँला भनी यो लिखित सहमति गरेका छौं ।

| | | |
|---|---|---|
| अध्यक्षको दस्तखत : | सचिवको दस्तखत : | कोषाध्यक्षको दस्तखत : |
| नाम थर : ...................... | नाम थर : ...................... | नाम थर : ............................... |
| फोन नं. | फोन नं. | फोन नं. |